[रेइवा ७ संस्करण]

**कृषि क्षेत्रमा SSW को रूपमा कामदारहरू स्वीकृतिका उत्कृष्ट उदाहरणहरू**

# शिमोमुरा पशुपालन लिमिटेड कम्पनी

## ～SSW तह २ कामदारको नेतृत्वमा दैनिक कामको व्यवस्थापन गर्दै, करियर प्रगतिलाई स्पष्ट रूपमा देखिने बनाउने पहल～

| | |
|---|---|
| **आधारभूत जानकारी**<br>स्थान: ओबु सहर, आइची प्रिफेक्चर<br>पशुपालन: आफ्नै फार्ममा कुरोगे वाशु (जापानी कालो जातको गाई) को प्रजनन देखि हुर्काउने सम्मको एकीकृत उत्पादन, साथै मासु प्रशोधन आदि। जापानभित्र र विदेशमा वार्षिक लगभग १,५०० वटा पशुहरूको ढुवानी गरिन्छ।<br>मुख्य पालन: मासुको लागि पालिने गाई १,१९० वटा, दुधालु गाई १२ वटा (सबै गरेर लगभग ४,८०० वटा)<br>कामदारहरूको संरचना (सर्वेक्षण गरिएको समय अनुसार): ८ जना जापानी, ५ जना प्राविधिक प्रशिक्षार्थी अथवा SSW तह १ + १ जना SSW तह २ (सबै भियतनामीहरू) |  |

| |
|---|
| **स्वीकार गर्ने संस्थाको विशेष पहल: करियर उन्नतिको प्रणाली निर्माण**<br><br>① विदेशी कामदारलाई स्थिर रूपमा राख्न अन्य उद्योगहरूसँगको प्रतिस्पर्धाका कारण तलब वृद्धि आवश्यक भएको अवस्था आएको छ।<br><br>② तलब कसरी बढाउने भन्नेबारे छलफल गर्ने क्रममा हाल करियर उन्नतिको प्रणाली निर्माण भइरहेको छ।<br><br>③ उक्त प्रणालीमा कामको प्रकार, काम गर्न लाग्ने समय, र काम स्थिर रूपमा गर्न सक्षम भएपछि दक्षता तथा मूल्याङ्कन अनुसार कति तलब वृद्धि हुने भन्ने कुरा उल्लेख गरिएको छ। |
| **[विदेशी कामदारहरू स्वीकार गर्ने संस्था (महाप्रबन्धक निशिमुरा) सँगको अन्तर्वार्ता]**<br><br>① करियर उन्नतिको पहल अन्तर्गत प्रत्येक विदेशी कामदारको कामको विवरण र काम गरेको समय अभिलेख गर्ने प्रणालीबारे बताइदिनुहोस्।<br><br>(पृष्ठभूमि) पहिला न्यूनतम ज्यालामा काम लगाउन सकिन्थ्यो तर अहिले अन्य उद्योगहरूसँगको प्रतिस्पर्धाको कारणले गाह्रो भएको छ। त्यसैले तलब कसरी बढाउने भन्नेबारे विचार गर्दा, कर्मचारीहरूको करियर उन्नतिको प्रणाली तयार गर्ने काम भइरहेको छ।<br><br>(अहिलेसम्म भएका सुधारहरू) सबैभन्दा पहिला कसले कुन काम गर्ने भन्ने कुरालाई सूची बनाएर सबैले देख्न सक्ने गरी राख्यौं। यसले कर्मचारीहरूबीच कामको भार असमान भएको महसुस हट्ने जस्तो थप (अप्रत्यक्ष) फाइदा पनि भएको देखिन्छ। साथै, कुनै काम ढिला भएमा अन्य कर्मचारीले त्यसमा सहयोग गर्न सक्ने व्यवस्था मिलाइएको छ, जसका कारण |

इच्छुक कर्मचारीहरूलाई हप्तामा दुई दिन बिदा लिन पनि सम्भव भएको छ। जनावरसँग सम्बन्धित यस क्षेत्रमा यस्तो उदाहरण कमै पाइन्छ भन्ने लाग्छ।

(हाल तयार भइरहेको करियर उन्नति प्रणाली) कामको प्रकार, काम पूरा गर्न लाग्ने समय, र कामलाई स्थिर रूपमा गर्न सक्षम भएपछि दक्षता तथा मूल्याङ्कनको आधारमा कति तलब वृद्धि हुने भन्ने विवरण समावेश गरिएको प्रणाली तयार गरिँदैछ। यसलाई सबै कर्मचारीहरूलाई देखाउने योजना छ। साथै विदेशी कामदारहरूको लागि यसमा जापानी भाषाको आवश्यकतालाई पनि समावेश गरेर जापानी भाषा सिक्ने इच्छुकता बढाउने कुरा विचार गर्दैछौँ। हामीले जापानी र विदेशी कामदारहरूबीच केही फरक छुट्याएका छैनौँ तर जापानी भाषाको सन्दर्भमा भने विदेशी कामदारहरूको सिक्ने इच्छा बढाउनको लागि विशेष प्रयास आवश्यक छ भन्ने हमीलाई लागेको छ।

② SSW तह २ कामदार, फङ जीको बारेमा बताइदिनुहोस्।

पहिला SSW प्रणाली नहुँदा हाम्रो कम्पनीमा प्राविधिक प्रशिक्षार्थीको रूपमा तालिम पूरा गरेपछि उनी आफ्नो देश फर्किएकी थिइन्। पछि SSW प्रणाली सुरु हुने कुरा सुनेर उनलाई फेरि कम्पनीमा ल्याउन हामी भियतनाम गयौं। तर कोरोना महामारीको कारणले उनी जापानमा आउन ढिलो भयो। SSW तह २ को परीक्षाको लागि उनी आफैले जापानी भाषाका पाठ्यपुस्तकहरूबाट अध्ययन गरिन् र कम्पनीले पाठ्यपुस्तकहरू छाप्नको लागि आवश्यक उपकरणहरू उपलब्ध गराएर सहयोग गर्‍यो। उनले यस वर्षको मार्चमा (SSW को रूपमा

जापानमा आएको तेस्रो वर्षमा) परीक्षा पास गरिन्। अहिले उनी काम गर्ने ठाउँको म्यानेजरको रूपमा जापानी कामदारहरू लगायत सबै कामदारहरूको नेतृत्व लिइरहेकी छिन्। कम्पनीले चाहेका कुराहरू उनले सबैलाई निर्देशन दिन सकेको देख्दा हामी उनलाई अत्यन्तै सक्षम (दक्ष) कामदार ठान्छौँ।

[काओ थिन फङ (SSW तह २) सँगको अन्तर्वार्ता]



फङ जीको फोटो

① तपाईं किन जापानमा काम गर्न चाहनुहुन्छ र जापानमा कति समयसम्म काम गर्ने योजना छ?

→मैले विश्वविद्यालयबाट स्नातक गरेपछि २ वर्ष जति आफ्नो देशमा काम गरें। मैले जापानी भाषा प्रवीणता परीक्षा (JLPT) को N2 पास गरेकोले पैसा कमाउन विदेशमा काम गर्ने मेरो इच्छा थियो।

मैले शिमोमुरा पशुपालनमा प्राविधिक प्रशिक्षार्थीको रूपमा तालिम पूरा गरेपछि भियतनाम फर्केर ४ वर्ष बसेँ। तर हाम्रो कम्पनीका अध्यक्षको आग्रहपछि मैले SSW को रूपमा पुनः जापान आएर काम गर्ने निर्णय गरेँ।

हाम्रो कम्पनीले जापानमा सबैभन्दा उत्कृष्ट गाईको मासु उत्पादन गर्छ, त्यसैले म यहीँ काम गर्न चाहन्थेँ।

② तपाईं कस्तो काम गर्नुहुन्छ, बताइदिनुहोस्।

→म कुरोगे वाग्यु (जापानी कालो गाई) को पालनपोषण उत्पादनसँग सम्बन्धित काम गर्छु।

अनि जापानी र भियतनामी दुवै भाषा जान्ने भएकाले कामदारहरूलाई काम र दैनिक जीवनको विभिन्न पक्षमा सल्लाह र सहयोग पनि दिने गर्छु। जनावरसँग काम गर्नुपर्ने भएकाले कार्यस्थलको सुरक्षा तथा सरसफाइ (सुरक्षा-स्वास्थ्य) मा पनि विशेष ध्यान दिन्छु।

③ तपाईं स्थानीय मानिसहरूसँग अन्तरक्रिया गर्नुहुन्छ?

→म स्थानीय निकाय आदिले सञ्चालन गर्ने जापानी भाषा कक्षाहरू र स्थानीय मानिसहरूसँग सङ्गत गर्नको लागि आयोजना गरिने ब्याडमिन्टन तथा कुकिङ क्लास जस्ता कार्यक्रमहरूमा सकेसम्म सहभागी भएर रमाइलो गरिरहेको छु।

④ SSW तह २ को परीक्षा पास गर्न तपाईंले कसरी अध्ययन गर्नुभयो?

→मैले वेबसाइटमा राखिएको कृषि क्षेत्रको SSW तह २ सम्बन्धी पाठ्यपुस्तकबाट अध्ययन गरेँ। जनावरहरूसँग सम्बन्धित काम गर्नुपर्ने भएकोले पाठ्यपुस्तक पढेर मात्र बुझ्न गाह्रो थियो तर नबुझेका कुराहरूको बारेमा आफैले स्मार्टफोनमा खोजेर सबै कुरा बुझ्ने कोसिस गरेँ।

⑤ के तपाईं आफ्नो तलबमा सन्तुष्ट हुनुहुन्छ?

→जापान पुनः प्रवेश गर्दा कम्पनीका अध्यक्षसँग सल्लाह गरेर निर्णय भयो। हाम्रो कम्पनीमा विदेशी कामदारको लागि मुख्यतः घण्टाको हिसाबले ज्याला दिने व्यवस्था छ तर SSW तह २ लाई भने जापानी कामदार सरह नै मासिक तलबको व्यवस्था गरिएको छ। त्यसैले म सन्तुष्ट छु।

⑥ भविष्यको लक्ष्य र आफ्नो देशमा के गर्ने योजना छ?

→म सकेसम्म धेरै समय काम गरेर आफ्नो देशमा एउटा रेष्टुराँ खोल्न चाहन्छु। मेरो देशमा

श्रीमान् र छोराछोरी पनि भएकाले सम्भव भएमा उनीहरूलाई यहाँ बोलाएर सँगै बस्न चाहन्छु।

⑦ पछाडि आउने (जुनियर) हरूलाई केही सल्लाह दिनुहुन्छ?

→मुख्य कुरा जापानी भाषाको अध्ययन हो। अनि जापानी भाषाको साथसाथै जापानमा बस्ने विदेशीसरूले सङ्गत गर्ने कार्यक्रमहरूमा सहभागी भएर जापानको जीवनशैली र संस्कृति पनि सिक्नुहोस् भन्न चाहन्छु।

["अब जापान आउने सबै भियतनामीहरूका लागि सन्देश" (भियतनामी भाषाको भावार्थ अनुवाद)]

① मेरो नाम फङ हो। म क्वाङ ट्री प्रान्तबाट आएकी हुँ।

जापानी मानिसहरू धेरै अनुशासित (कडाइका साथ नियम पालन गर्ने) हुन्छन्।तर जीवन यापन र कामको लागि मैले कडा मेहनत गरेर जापानी भाषा सिकें र बिस्तारै यहाँको जीवनशैलीसित घुलमिल हुन थालें। जापानको जीवन धेरै राम्रो छ। यहाँ सफा छ र खाना पनि सुरक्षित र स्वास्थ्यकर छ। यहाँका मानिसहरू धेरै शिष्ट हुनुहुन्छ।

② म आइची जिल्लाको सबैभन्दा ठूलो कम्पनी, शिमोमुरा पशुपालनमा काम गर्छु।

तपाईंहरूलाई "कोबे बीफ" को बारेमा थाहा नै होला। तर जापानमा "कोबे बीफ" बाहेक पनि त्यस्तै गुणस्तरका अन्य धेरै प्रसिद्ध जातका गाईहरू पालिन्छन्। यस्ता गाईहरू जापानमा मात्र पालन गर्न सकिने विशेष जात हुन्।

③ कृषिको काम भनेको तपाईंहरूलाई थाहा भए जस्तै धेरै गाह्रो र कष्टकर हुन्छ। तर मेहनत

गर्यौं भने जुनसुकै समस्या पनि पार गर्न सकिन्छ।

काम गर्ने तरिका, जीवन यापन र विकास गर्ने विधि सिक्नको लागि पनि उपयोगी हुन्छ।

जापान आएपछि म प्राविधिक प्रशिक्षार्थीको रूपना काम गरें। त्यसपछि SSW तह १ को भिसा लिएर अहिले SSW तह २ प्राप्त गरेकी छु। यो एउटा लामो यात्रा थियो तर अहिले म जापानीहरूसँग सामान्य रूपमा काम गर्न सक्ने भएकी छु।

④ अझै भन्ने हो भने यहाँ धेरै सुअवसरहरू छन्। मौका मिलेमा अवश्य जापानमा आउनुहोला। यहाँका धेरै राम्रा कुराहरू तपाईंको पर्खाइमा छन्।